स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गीतकार कस्तुप पन्तको तीज गीत "खाली भयो जेब" सार्वजनिक भएको छ। एलिना चौहान र रामजी खाँणको स्वर रहेको गीतमा संगीत कस्तुप पन्तकै रहेको छ। गीतले तीजको अवसरमा एक युवतीका रहर, चाहना र भगवान महादेवप्रतिको आराधनालाई मुख्य विषयवस्तु बनाएको छ। गीतको भिडियोमा एलिना रायमाझी र पार्वती श्रेष्ठको अभिनय छ। समसामयिक सामाजिक यथार्थलाई कलात्मक रूपमा प्रस्तुत गरेको निर्माण पक्षले जनाएको छ।

**आजको विचार...**



बीपी...

(दुई पेजमा)

प्रा. डा. गोपी उप्रेती



नेपाली चलचित्रका चर्चित अभिनेता दयाहाङ राई यतिबेला नयाँ चलचित्र "पेन्सन पट्टा" का कारण चर्चामा छन्। माओत्से गुरुङको निर्देशन रहेको यस चलचित्रको पहिलो गीत "जुनी जाला" हालै सार्वजनिक भएपछि चलचित्रप्रति दर्शकको उत्साह बढेको छ। गीतमा दयाहाङ राईसँगै बुद्धि तामाङ, विल्सन बिक्रम राई, गौमाया गुरुङ लगायतका कलाकारको अभिनय देख्न सकिन्छ। कलात्मक रूपमा प्रस्तुत गरिएको चलचित्र "पेन्सन पट्टा" भदौ २६ गते प्रदर्शनको तयारीमा छ।

❐ वर्ष ३२ ❐ अंक १३ ❐ २०८३ साउन १३ गते बुधबार 29 July 2026, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### टिपर दुर्घटनमा सहचालकको मृत्यु

**हाम्रा संवाददाता**

**पाल्पा,** साउन १२/ जिल्लाको तानसेन नगरपालिका(१२ गाईघाटस्थित पाल्पा-गुल्मी सडकखण्डमा टिपर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । मंगलबार राति हार्थोकबाट रिडीतर्फ जाँदै गरेको लु २ ख २४४७ नम्बरको इट्टा लोड गरिएको टिपर दुर्घटना हुँदा टिपरका सहचालक बागलुङको ढोरपाटन नगरपालिका-१ खप्तरीवाङ निवासी २५ वर्षीय तेजेन्द्र कुमालको मृत्यु भएको हो ।

ओरालोमा आफैं अनियन्त्रित भई टिपर सडकमा पल्टिदा कुमाल गम्भीर घाइते भएका थिए । घाइते उनलाई उपचारका लागि लुम्बिनी मेडिकल क्लेज, प्रभास पठाएको थियो । उपचारकै क्रममा कुमालको राति करिब ११:३० बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ । दुर्घटनामा चालक २७ वर्षीय मिनबहादुर कुमाल भने सामन्य घाइते भएका छन् । उनको अवस्था सामान्य रहेको छ । अहिले उनलाई प्रहरीको नियन्त्रणमा राखिएको छ । दुर्घटनाबारे प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# रहेनन् लोकतान्त्रिक आन्दोलनका अग्रणी योद्धा गोपालमान

**हाम्रा संवाददाता**

**पाल्पा**, साउन १२/ लोकतान्त्रिक आन्दोलनका अग्रणी व्यक्तित्व, नेपाली कांग्रेसका वरिष्ठ नेता, पूर्वउपप्रधानमन्त्री गोपालमान श्रेष्ठको ८३ वर्षको उमेरमा निधन भएको छ । पेटसम्बन्धी रोगबाट पीडित रहेका श्रेष्ठको उपचारका क्रममा जावलाखेलस्थित हेलिअस अस्पतालमा मंगलबार निधन भएको हो ।

केही समयदेखि ललितपुरको जावलाखेलस्थित हेलियस अस्पतालमा उपचाररत श्रेष्ठ विगत एक वर्षदेखि क्यान्सरबाट पीडित थिए । उनको नेपाल र भारतका विभिन्न अस्पतालमा उपचार गरिएको थियो । श्रेष्ठको पार्थिव शरीर बुधबार (आज) बिहान श्रद्धाञ्जलीका लागि नेपाली कांग्रेसको केन्द्रीय कार्यालय सानेपामा राखिनेछ ।



त्यसपछि शवयात्रासहित पशुपति आर्यघाटमा अन्त्येष्टि गरिने तयारी गरिएको कांग्रेसले जनाएको छ । श्रेष्ठलाई केही दिनअघि मात्रै नेपाली कांग्रेसले वरिष्ठ नेताको जिम्मेवारी दिएको थियो ।

स्याङ्जाबाट पटक-पटक प्रतिनिधिसभा सदस्यमा निर्वाचित श्रेष्ठ नेपाली कांग्रेसका अनुभवी नेतामध्ये एक थिए । उनले भौतिक योजना, वन, उद्योग तथा शिक्षामन्त्रीका रूपमा जिम्मेवारी सम्हालेका थिए । २००२ मा कांग्रेस विभाजनपछि शेरबहादुर देउवा नेतृत्वको नेपाली कांग्रेस (प्रजातान्त्रिक) मा आबद्ध भएका उनले कार्यवाहक सभापतिको जिम्मेवारीसमेत निर्वाह गरेका थिए । लोकतन्त्र र प्रजातन्त्रका पक्षमा भएका आन्दोलनमा सक्रिय भूमिका खेलेका श्रेष्ठ विभिन्न समयमा गरी करिब पाँच वर्ष जेल जीवनसमेत बिताएका थिए । उनी गत पुसमा सम्पन्न नेपाली कांग्रेसको विशेष महाधिवेशनको उद्घाटन सत्रमा पनि सहभागी भएका थिए । श्रेष्ठको निधनसँगै नेपाली कांग्रेसले लामो राजनीतिक अनुभव भएका एक अग्रज नेता गुमाएको छ । उनको निधनप्रति विभिन्न राजनीतिक दलका नेता तथा शुभेच्छुकहरूले श्रद्धाञ्जली व्यक्त गरेका छन् ।

**नेपाली काँग्रेस पाल्पाद्वारा दु:ख व्यक्त**नेपाली कांग्रेस पाल्पाले पनि श्रेष्ठको निधनप्रति गहिरो दु:ख व्यक्त गरेको छ । मंगलबार जिल्ला सभापति हिमालदत्त श्रेष्ठद्वारा शोक वक्तव्य जारी गर्दै निधनको खबरले पाल्पा काँग्रेस स्तब्ध भएको भन्दै दु:ख व्यक्त गरिएको हो । सभापति श्रेष्ठले नेपाली कांग्रेस पाल्पा तथा आफ्नो व्यक्तिगत तर्फबाट स्वर्गीय गोपालमान श्रेष्ठप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवार, आफन्त तथा नेपाली कांग्रेसका सम्पूर्ण नेता-कार्यकर्ताप्रति हार्दिक समवेदना व्यक्त गरेका छन् । शोक वक्तव्यमा स्वर्गीय श्रेष्ठले नेपाली लोकतान्त्रिक आन्दोलन, संविधान निर्माण तथा राष्ट्र निर्माणका विभिन्न क्षेत्रमा पुऱ्याएको योगदान सदैव स्मरणीय रहने उल्लेख गरिएको छ । उनी २०१७ सालदेखि निरन्तर राजनीतिक आन्दोलनमा सक्रिय रहँदै २०३६ सालको जनमतसंग्रह, २०४२ सालको सत्याग्रह, २०४६ सालको जनआन्दोलन तथा २०६२/६३ सालको दोस्रो जनआन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको कांग्रेस पाल्पाले स्मरण गरेको छ । लोकतन्त्र, संविधान र जनअधिकारको पक्षमा उनले पुऱ्याएको अतुलनीय योगदान भावी पुस्ताका लागि प्रेरणाको स्रोत बनेर रहने वक्तव्यमा उल्लेख छ ।


## गुरुहरूप्रति सम्मान व्यक्त गरौं

- ज्ञान, शिक्षा र संस्कार प्रदान गर्ने गुरुहरूको सम्मान गरौं,
- गुरुबाट प्राप्त ज्ञान र मार्गदर्शनलाई जीवनमा आत्मसात् गरौं,
- शिक्षक, अभिभावक र मार्गदर्शक प्रति कृतज्ञता व्यक्त गरौं,
- शिक्षा र ज्ञानको महत्वलाई समाजमा प्रवर्द्धन गरौं,
- नयाँ पुस्तामा अनुशासन, नैतिक्ता र संस्कारको विकास गरौं,
- गुरु-शिष्य सम्बन्धको गरिमा र परम्परालाई संरक्षण गरौं,
- ज्ञान, सीप र सकारात्मक सोचको विकासमा जोड दिऔं,
- शिक्षामार्फत समुन्नत समाज निर्माणमा योगदान दिऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

## गुरुप्रति श्रद्धाभाव प्रकट गरी गुरु पूर्णिमा मनाइँदै



**पाल्पा,** साउन १२/ आज देशभर श्रद्धा, सम्मान र कृतज्ञताका साथ गुरु पूर्णिमा पर्व मनाइँदै छ । हरेक वर्ष असार शुक्ल पूर्णिमाका दिन गुरु पूर्णिमा पर्व मनाइने गरिन्छ । यस दिन गायत्री, दीक्षा, वेद मन्त्र सुनाउने र शिक्षा प्रदान गर्ने गुरुजनप्रति सम्मान भाव प्रकट गर्ने गरिन्छ ।

वैदिक धर्मग्रन्थ महाभारतका रचयिता वेद व्यासको जन्म जयन्तीका अवसरमा वैदिक कालदेखि नै मनाउने गरिएको व्यास जयन्तीलाई गुरु पूर्णिमाका रूपमा लिने गरिएको छ । वेदव्यासले वेदान्त, अठार पुराण, उपनिषद्लगायतका धार्मिक ग्रन्थ लेखी हिन्दु संस्कृतिलाई ठूलो गुन लगाएको मानिन्छ । संस्कृत शब्दगुरुको शाब्दिक अर्थ गुको अर्थ अन्धकार र रु को अर्थ प्रकाश भन्ने हुन्छ । गुरु शब्दको विग्रह गर्दा 'गिरति अज्ञानं इति:गुरु' अर्थात अज्ञानलाई हटाएर ज्ञान प्रदान गर्ने व्यक्ति नै गुरु हो । आफूलाई शिक्षा प्रदान गर्ने गुरुको सम्मानमा शिष्यहरूले विभिन्न मिष्टान्न भोजनका साथ श्रद्धाभाव प्रकट गर्ने परम्परा रही आएको र गुरुलाई आमा बुबा सहर मान्ने चल रहिआएको ज्योतिष एवं पण्डित होमनाथ न्यौवानेले बताए । उनले भने, "नेपालमा धर्म र संस्कृतिको क्षेत्र साँघुरो हुँदै गइरहेको छ । हामीले हाम्रो रितिलाई धर्मसँग मिलायौँ । अनि धर्मलाई पेसासँग ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## गुरूको सम्मान गरौं

गुरूप्रति श्रद्धाभाव प्रकट गरी आज गुरु पूर्णिमा मनाइँदै छ । वैदिक धर्मग्रन्थ महाभारतकारचयिता वेद व्यासको जन्मजयन्तीका अवसरमा वैदिक कालदेखि नै मनाउने गरिएको व्यास जयन्तीलाई गुरु पूर्णिमाका रूपमा लिने गरिएको छ । आफूलाई शिक्षा प्रदान गर्ने गुरुको सम्मानमा शिष्यहरूले विभिन्न मिष्ठान्न भोजनका साथ श्रद्धाभाव प्रकट गर्ने परम्परा रही आएको र गुरुलाई आमा बुवा सरह मान्ने प्रचलन छ । संस्कृत शव्द गुरुको शाब्दिक अर्थ गुको अर्थ अन्धकार र रु को अर्थ प्रकाश भन्ने हुन्छ । गुरु शब्दको विग्रह गर्दा 'गिरति अज्ञानं इतिः गुरु' अर्थात् अज्ञानलाई हटाएर ज्ञान प्रदान गर्ने व्यक्ति नै गुरु हो । अज्ञानरुपी अन्धकारबाट ज्ञानतर्फ डोर्याउने गुरु र गुरुत्वको सम्मान र स्मरण गर्नु आफैमा राम्रो परम्परा हो ।

गुरुले केवल पाठ्यपुस्तकको ज्ञान मात्र होइन, जीवन जिउने कला, नैतिक मूल्य र सही मार्गको पनि शिक्षा दिन्छन् । त्यसैले गुरुको स्थान समाजमा सदैव उच्च मानिएको छ । वर्तमान समय प्रविधि र सूचनाको युग हो । ज्ञानका स्रोतहरू विस्तार भए पनि गुरुको भूमिका अझै अपरिहार्य छ । इन्टरनेटले जानकारी दिन सक्छ, तर सही–गलत छुट्याउने विवेक, चरित्र निर्माण र मानवीय मूल्य सिकाउने कार्य गुरुबाट नै सम्भव हुन्छ । यसर्थ, गुरु–शिष्य सम्बन्ध विश्वास, सम्मान र जिम्मेवारीमा आधारित हुनुपर्छ । गुरु पूर्णिमालाई केवल औपचारिक कार्यक्रम वा उपहार आदानप्रदानमा सीमित गर्नु उचित हुँदैन । यसको वास्तविक सन्देश गुरुको सम्मान गर्नु, सिकाइप्रति समर्पित हुनु र प्राप्त ज्ञानलाई समाजको हितमा प्रयोग गर्नु हो । विद्यार्थीले गुरुको मार्गदर्शनलाई आत्मसात् गर्दै अनुशासन, परिश्रम र इमानदारीलाई जीवनको आधार बनाउनुपर्छ । त्यसैगरी गुरुहरूले पनि बदलिँदो समयअनुसार गुणस्तरीय, सिर्जनात्मक र जीवनोपयोगी शिक्षा प्रदान गर्न निरन्तर प्रयास गर्न आवश्यक छ । गुरु पूर्णिमाले हामी सबैलाई ज्ञान, संस्कार र नैतिकताको महत्व सम्झाउँछ । गुरुजनप्रति सम्मान व्यक्त गर्दै शिक्षाको उज्यालो समाजका प्रत्येक कुनासम्म फैलाउने प्रतिबद्धता नै यस पर्वको सच्चा सार हो । यस अवसरले गुरु र शिष्यबीचको सम्बन्धलाई अझ सुदृढ बनाउँदै शिक्षित, सभ्य र समुन्नत समाज निर्माणतर्फ प्रेरित गरोस् ।

### Opinion @ Social Network


किताब पढाउने शिक्षक भन्दा,
किताब किनिदिने मेरि आमाबाट मैले धेरै पाठ सिकेको छु ।
*(आशा थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Aasha.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बीपी कोइराला: राजनीति र साहित्यको संगममा उभिएको एक दुर्लभ व्यक्तित्व



**प्रा. डा. गोपी उप्रेती**

इतिहासमा राजनेताहरू धेरै जन्मिन्छन्, उत्कृष्ट साहित्यकार पनि धेरै जन्मिन्छन्ह तर एउटै व्यक्ति र व्यक्तित्वभित्र एक कुशल राजनीतिज्ञ र उत्कृष्ट मनोवैज्ञानिक आख्यानकार पाइएको दृष्टान्त संसारमै विरलै भेटिन्छ । विश्वेश्वरप्रसाद कोइराला (बीपी) साहित्य र राजनीतिको त्यही विरलै पाइने दुर्लभ व्यक्तित्व हुनुहुन्छ, जसले दिनमा राणाशाही र राजतन्त्रविरुद्ध लोकतन्त्रको लडाइँ लड्नुभयो र रातमा मानव-मनका अँध्यारा कुनाहरूसँग संवाद गर्नुभयो । यो छोटो आलेखमा उहाँको व्यक्तित्वका यी दुवै आयामको जरा पहिल्याउने प्रयास गरिएको छ ।

**व्यक्तित्व निर्माणको ऐतिहासिक परिवेश**

विश्वेश्वरप्रसाद कोइरालाको जन्म ८ सेप्टेम्बर १९१४ (वि.सं. १९७१) मा भारतको बनारस (वाराणसी) मा त्यस्तो परिवारमा भएको थियो, जसले राजनीतिक अन्त:करणको मूल्य पहिल्यैदेखि चुकाउँदै आएको थियो । उहाँका पिता कृष्णप्रसाद कोइरालाले राणा शासनको प्रतिवाद गर्नुभएको थियो-त्यो वंशानुगत शासन, जसले राजसंस्थालाई औपचारिकतामा सीमित गरी खोपीमा राखेर सय वर्षभन्दा बढी समयसम्म नेपाललाई आधुनिक शिक्षा, वाक्स्वतन्त्रता, प्रेस र राजनीतिक जीवनबाट वञ्चित गरेको थियो । त्यही प्रतिवादको मूल्यस्वरूप परिवारले भोगेको भारत-निर्वासन नै विडम्बनापूर्ण ढङ्गले बीपीका लागि वरदान सिद्ध भयो । उहाँले बनारसको खुला र शिक्षित समाजमा हुर्कने अवसर पाउनुभयो र भारतीय स्वतन्त्रता सङ्ग्रामको चेतनाबाट खारिने अवसर प्राप्त गर्नुभयो । भूगोलको यही संयोग उहाँको व्यक्तित्व निर्माणको निर्णायक सन्दर्भ बन्यो । बनारसमा विद्यार्थी हुँदा र पछि कलकत्ता विश्वविद्यालयमा कानुन तथा साहित्य अध्ययन गर्दा बीपी भारतीय राष्ट्रिय काङ्ग्रेसको आन्दोलनतर्फ आकर्षित हुनुभयो । उहाँले सविनय अवज्ञा आन्दोलनमा भाग लिनुभयो र सन् १९४२ को 'भारत छोडो' आन्दोलनका क्रममा बेलायती शासनद्वारा जेल पर्नुभयो । तर उहाँको भावी जीवनका लागि सबैभन्दा निर्णायक कुरा अर्कै थियो-उहाँ भारतीय सैर्षको समाजवादी धारतर्फ ढल्किनुभयो । जयप्रकाश नारायण, राममनोहर लोहिया र काङ्ग्रेस सोसलिस्ट पार्टी स्थापना गर्ने वृत्तसँगको मित्रताबाट उहाँले राजनीतिक विधि (जनान्दोलन र नागरिक प्रतिरोध) र राजनीतिक विचार (प्रजातान्त्रिक समाजवाद) दुवै जान्ने, बुझ्ने र आत्मसात् गर्ने अवसर पाउनुभयो । यसरी उहाँले गान्धीको नैतिक राजनीति र मार्क्सको सामाजिक विश्लेषण एकसाथ ग्रहण गर्नुभयो, तर जीवनभर एउटालाई अर्काको अधीनमा सुम्पन अस्वीकार गर्नुभयो । यही सन्तुलन नै पछि उहाँको मौलिक राजनीतिक दर्शनको आधारशिला बन्न पुग्यो ।

**राजनीतिक व्यक्तित्व: क्रान्तिकारीदेखि प्रधानमन्त्रीसम्म**

सन् १९४७ मा भारत स्वतन्त्रताको संघारमा पुग्दा बीपीले आफ्नो सम्पूर्ण ऊर्जा स्वदेशतर्फ फर्काउनुभयो र कलकत्तामा नेपाली राष्ट्रिय काङ्ग्रेसको स्थापना गर्नुभयो । त्यही सङ्गठन सन् १९५० मा नेपाल प्रजातन्त्र काङ्ग्रेससँग एकीकरण भएपछि 'नेपाली काङ्ग्रेस' बन्या े। उहाँको रणनीतिक अन्तर्दृष्टि स्पष्ट थियो-बेलायती संरक्षण गुमाएको राणा शासन इतिहासमा पहिलोपटक साँच्चै कमजोर भएको छ र यही ऐतिहासिक क्षणलाई समात्नुपर्छ भन्ने विचारले उहाँलाई मार्गनिर्देश गर्‍यो । नेपाली काङ्ग्रेसले राजा त्रिभुवनको दिल्ली प्रस्थानसँग समन्वय गरी नेतृत्व गरेको २००७ सालको (सन् १९५०-५१) सशस्त्र क्रान्तिले १०४ वर्षे राणा शासनको अन्त्य गर्‍यो र नेपालमा प्रजातान्त्रिक युगको ढोका खोल्यो । बीपी राणापछिको पहिलो सरकारमा केही समय गृहमन्त्री रहनुभयोह छत्तीस वर्षकै उमेरमा उहाँ आफ्नो पुस्ताको सबैभन्दा प्रभावशाली राजनीतिक व्यक्तित्व बनिसक्नुभएको थियो । तर क्रान्तिले खोलेको ढोकाभित्र प्रवेश गर्न अर्को दशक लाग्यो-वास्तविक संविधान र निर्वाचनका लागि निरन्तर संघर्षको दशक । सन् १९५९ (वि.सं. २०१५) मा नेपालको पहिलो आमनिर्वाचन सम्पन्न हुँदा नेपाली काङ्ग्रेसले दुई-तिहाइ बहुमत प्राप्त गर्‍यो र चवालीस वर्षको उमेरमा बीपी कोइराला नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री बन्नुभयो ।

**चीनसँगको सम्बन्ध**

उहाँले नेपाल-चीन सीमा समझदारीको वार्ता गर्नुभयो, सगरमाथाको प्रश्नलाई नेपालको गरिमा जोगाउँदै समाधान गर्नुभयो र शान्ति तथा मैत्री सन्धिको जग बसाल्नुभयो । एउटा सानो राष्ट्रले पनि महाशक्तिहरूसँग समान हैसियतमा व्यवहार गर्न सक्छ भन्ने कुरा उहाँले व्यवहारमै प्रमाणित गर्नुभयो । भारत र पश्चिमसँगको सम्बन्ध: उहाँले नेहरूको भारतसँग आत्मीय तर स्वतन्त्र सम्बन्ध कायम राख्नुभयो र अमेरिकी तथा युरोपेली विकास सहयोगका लागि नेपालको ढोका खोल्नुभयो । आन्तरिक सुधार: उहाँको सरकार सामन्ती आर्थिक व्यवस्थाविरुद्ध अघि बढ्यो, बिर्ता प्रथाको उन्मूलन, पूर्व राणा अभिजात वर्गसम्मलाई छुने प्रगतिशील कर प्रणालीको सुरुवात र प्रशासनको आधुनिकीकरणको थालनी भयो । सम्भवत: यही गतिशीलता नै दरबारका लागि असह्य बन्यो । १५ डिसेम्बर १९६० (१ पुस २०१७) मा राजा महेन्द्रले शाही 'कूप' गरे-संसद् विघटन गरियो, राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाइयो, र जननिर्वाचित प्रधानमन्त्रीलाई बिनामुद्दा थुनियो । बीपीले त्यसपछिका आठ वर्ष (सन् १९६०-१९६८) सुन्दरीजल सैनिक बन्दीगृहमा बिताउनुभयो । अचम्मलाग्दो कुरा, ती वर्षहरू उहाँको साहित्यिक जीवनका सबैभन्दा उर्वर वर्ष बने । सन् १९६८ मा रिहा भएपछि उहाँ भारत निर्वासनमा गएर प्रजातान्त्रिक प्रतिरोधलाई निरन्तरता दिनुभयो । अनि सन् १९७६ (वि.सं. २०३३) मा उहाँले आफ्नो जीवनकै सबैभन्दा साहसिक जोखिम उठाउनुभयो-मृत्युदण्डसम्मको सजाय हुनसक्ने अभियोगहरूको सामना गर्दै 'राष्ट्रिय मेलमिलाप'को नीति बोकेर उहाँ स्वदेश फर्किनुभयो । विदेशी निर्वासनको सुरक्षाभन्दा नेपाली जेलको जोखिम रोज्ने त्यो निर्णय उहाँको दृढ राष्ट्रिय मान्यताबाट नि:सृत थियो ।

**पहिलो (लोकतन्त्र र समाजवादको अविभाज्यता):**

कम्युनिस्टहरूका विरुद्ध उहाँको अडान थियो-लोकतन्त्रविनाको समाजवाद निरङ्कुशतामा पतन हुन्छ । अनुदारवादीहरूका विरुद्ध उहाँको तर्क थियो-सामाजिक न्यायविनाको लोकतन्त्र भोकाहरूका लागि खोक्रो औपचारिकता मात्र हो । उहाँ एसियाली समाजवादी आन्दोलन र सोसलिस्ट इन्टरनेसनल (समाजवादी अन्तर्राष्ट्रिय) का सक्रिय व्यक्तित्व हुनुहुन्थ्यो । उहाँको दृढ मान्यता थियो-नेपालजस्तो कृषिप्रधान र गरिब मुलुकमा समाजवादको अर्थ हुन्छ: जमिनसहितको किसान, विद्यालय र पानीको धारासहितको गाउँ, अनि गरिमासहितको नागरिक । उहाँको परिकल्पना थियो-समृद्धि भनेको हरेक नेपाली परिवारसँग एउटा घर, एउटा गाई, पेटभरि खाना र छोराछोरीका लागि शिक्षा हुनु हो । आजको नेपाल बीपी जीवित हुँदाको जस्तो अवस्थामा अवश्य छैन, तर नेपाली जनताका आधारभूत आवश्यकता अहिले पनि बीपीले परिकल्पना गरेकै समृद्धिको सेरोफेरोमा घुमिरहेको पाइन्छ ।

**दोस्रो (राष्ट्रियता र लोकतन्त्रको परिपूरकता):**

राष्ट्रिय मेलमिलापको मूल मान्यता थियो-दुई विशाल शक्तिका बीच च्यापिएको नेपालको स्वाधीनता राजसंस्था र प्रजातान्त्रिक शक्तिहरूबीचको स्थायी युद्धमा टिक्न सक्दैन । राष्ट्रिय एकताका लागि लोकतन्त्र चाहिन्छ, र लोकतन्त्रका लागि राष्ट्रिय एकता । सन् १९७६ को स्वदेश-फिर्ती यही मान्यताको जीवन्त अभिव्यक्ति थियो । त्यही निर्णयले उहाँलाई दलीय नेताबाट राष्ट्रिय नैतिक व्यक्तित्वमा रूपान्तरित गर्‍यो र उहाँको मृत्युको आठ वर्षपछि सम्पन्न सन् १९९० (वि.सं. २०४६) को लोकतन्त्र-पुनर्स्थापनाको बीजारोपण गर्‍यो ।

**तेस्रो (साध्य र साधनको शुद्धता):**

गान्धीबाट उहाँले यो दृढ विश्वास ग्रहण गर्नुभयो-अन्यायपूर्ण विधिबाट न्यायपूर्ण समाज निर्माण गर्न सकिँदैन । सन् १९५० मा सशस्त्र क्रान्तिको नेतृत्व गरे पनि उहाँको राजनीति अनुनय र त्यागमा अडिएको थियोह त्यस्तो साहस, जसले आफूलाई दुई-दुईपटक थुन्ने दरबारलाई समेत विश्वास गर्न सक्थ्यो ।

**साहित्यिक व्यक्तित्व: अन्तर्जगत्को अराजकतावादी**

बीपीले आफूलाई "राजनीतिमा प्रजातान्त्रिक समाजवादी तर साहित्यमा अन्तर्जगत्को अराजकतावादी" भनी चिनाउनुभएको कथन प्रसिद्ध छ । यस आत्म-परिभाषाको मर्म गहिरो छ-राजनीतिले समाजको सेवा गर्नुपर्ने भएकाले त्यहाँ अनुशासन र उत्तरदायित्व अनिवार्य हुन्छ, तर साहित्यमा उहाँ कुनै विचारधाराको सेवक बन्न तयार हुनुहुन्थ्यो । त्यहाँ उहाँको एकमात्र निष्ठा व्यक्तिको फदय, मन र मनोविज्ञानप्रति थियो। यही विभाजनले नेपाली वाङ्मयमा एउटा अभूतपूर्व आयाम थप्यो-राष्ट्रकै अग्रणी राजनीतिज्ञद्वारा लेखिएको, तर राजनीतिक उपदेशबाट पूर्णत: मुक्त साहित्य सिर्जना ! उहाँ नेपाली आख्यानमा मनोवैज्ञानिक यथार्थवादका प्रवर्तक हुनुहुन्थ्यो । फ्रायडका साथै रुसी र युरोपेली साहित्यकारहरूबाट प्रभावित भएर उहाँले नेपाली कथा र उपन्यासलाई अन्तर्मुखी बनाउनुभयो । वासना, दमन, अपराधबोध र अचेतन मनका जटिल सूक्ष्मताहरू उहाँका पात्रहरूमा प्रभावकारी ढङ्गले अभिव्यक्त भएका छन् । दोषी चश्मा सङ्ग्रहका कथाहरूले यौन मनोविज्ञान र आन्तरिक द्वन्द्वलाई निर्भीक इमानदारीका साथ प्रस्तुत गरेका छन् । तर उहाँको साहित्यिक प्रतिभाको वास्तविक प्रस्फुटन भने सुन्दरीजलका बन्दी वर्षहरूमा भयो । ती आठ वर्षले उहाँका प्रमुख उपन्यासहरू जन्माए: तीन घुम्ती: एउटी नारीको जीवन, उसका तीन निर्णायक मोडमा उसैका छनोटहरूमार्फत भनिएको नेपाली आख्यानमा नारी-कर्तृत्वको ऐतिहासिक उद्घोष । सुम्निमा: उहाँको सर्वोत्कृष्ट कृति-तपस्वी आर्य सोमदत्त र माटोकी छोरी किराँतिनी सुम्निमाबीचको दार्शनिक संवाद, शरीर र आत्माको, दुई सभ्यताको भेटह देह-निषेधको अहंकारमाथि धरतीको विवेकको विजय । नरेन्द्र दाइ: प्रेम, विवाह र सामाजिक रूढिको त्रासदी, मर्मस्पर्शी मनोवैज्ञानिक सूक्ष्मताका साथ चित्रित मानव मनोविज्ञान । मोदिआइन: गाउँकी पसल्नीका आँखाबाट पुन:कथित महाभारत, युद्धको निरर्थकतामाथिको मर्मभेदी चिन्तन, विजयको मूल्य के हुन्छ भन्नेबारे एक राजनीतिज्ञले नै दिएको चेतावनी । उहाँको मृत्युपछि प्रकाशित आत्मवृत्तान्त (स्पष्टवादिताका साथ बोलेर टिपाइएको) दक्षिण एसियाली राजनीतिक साहित्यकै सबैभन्दा इमानदार आत्मचित्रहरूमध्ये पर्छ । यहाँ इतिहासको एउटा गहिरो विडम्बना छ-राजनीतिज्ञलाई मौन र निस्तेज बनाउन राजाले बनाएको कारागारलाई आख्यानकार बीपीले आफ्नो जीवनकै सर्वोत्तम कृतिहरू रच्ने अध्ययन-कक्षमा रूपान्तरित गरिदिनुभयो । जुन कठोर कोठरीले एउटा स्वरलाई दबाउन खोजेको थियो, त्यही कोठरीबाट लोकतन्त्र र साहित्यका दुई-दुईवटा स्वर झनै सशक्त भएर बाहिर निस्किए ।

***-डिसी नेपाल डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयूकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कार्यक्षेत्रमा भाग्यको साथ मिल्नेछ। नोकरी वा पेशामा प्रभाव बढ्नेछ। | **तुला** : निजी सम्बन्धमा आत्मीयता बढ्नेछ। स्वास्थ्यमा सुधार आउनेछ। |
| **वृष** : प्रभावशाली व्यक्तिहरूसंग सम्पर्क बढ्नेछ। आर्थिक स्थिति सामान्य रहनेछ। | **वृश्चिक** : मित्र र घरपरिवारबाट सहायता मिल्नेछ। परीक्षाको तैयारीमा बाधा आउनेछ। |
| **मिथुन** : लगनशीलताले लक्ष्य पूरा गर्न सकिनेछ। व्यापार व्यवसायमा लाभ रहनेछ। | **धनु** : कार्यक्षेत्रमा नयाँ कार्य हात लाग्नेछ। सामाजिक मान प्रतिष्ठा बढ्नेछ। |
| **कर्कट** : आर्थिक जोखिम लिनु नोक्सान रहन सक्छ। रमाइलो समय व्यतीत हुनेछ। | **मकर** : साझेदारी व्यापारमा लाभ रहनेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ। |
| **सिंह** : सामाजिक गतिविधिमा सक्रियता बढ्नेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ। | **कुम्भ** : अधिकार खोज्ने प्रवृत्तिले समस्या आउनेछ। कामले प्रभावित पार्न सक्नुहुनेछ। |
| **कन्या** : बचतले आर्थिक पक्षमा सफलता मिल्नेछ। जग्गा जमिनको विवाद सुल्झिनेछ। | **मीन** : सन्तानबाट सहयोग मिल्नेछ। पहिला गरेको कार्यको उचित प्रतिफल मिल्नेछ। |

## कला मनोरञ्जन

# हिमालयन इन्टरनेशनल अवार्डको छैटौं संस्करण काठमाडौंमा समापन



नेपाली भाषा, साहित्य, कला, संगीत तथा संस्कृतिको संरक्षण, प्रवर्द्धन र सम्मान गर्ने उद्देश्यले आयोजना हुँदै आएको हिमालयन इन्टरनेशनल अवार्डको छैटौं संस्करण काठमाडौंमा समापन गरिएको छ । भारतको सिक्किमस्थित रमणीय पर्यटकीय नगर राभाङ्लामा यही साउन ३ गते भव्य र ऐतिहासिक रूपमा आयोजना गरिएको अवार्डको काठमाडौंमा आइतबार एक विशेष कार्यक्रमबीच सम्पन्न गरिएको हो । 'भाषा, साहित्य, कला संस्कृतिका सर्जकको सम्मान, हाम्रो एक अभियान' भन्ने मूल नारासहित आयोजित समारोहमा नेपाल, सिक्किम तथा भारतका विभिन्न स्थानका साहित्यकार, कलाकार, संगीतकर्मी, सञ्चारकर्मी, समाजसेवी र सांस्कृतिक व्यक्तित्वहरूलाई अवार्ड तथा सम्मान गरिएको थियो । काठमाडौंमा समापन समारोहमा विविध कारणले सिक्किम जान नसकेका स्रष्टा सर्जकलाई अवार्ड तथा सम्मान अर्पण गरिएको थियो । महाकाव्यकार खेमनाथ दाहालको प्रमुख आतिथ्यतामा भएको समापन समारोहमा चलचित्र कलाकार संघका अध्यक्ष उत्तम केसी, गीतकार संघका अध्यक्ष वसन्त वित्यासी थापा, वरिष्ठ संगीतकार राजु सिंह, कीर्तिमानी संगीतकार सन्तोष श्रेष्ठलगायतका अतिथिले अवार्ड तथा सम्मान अर्पण गरेका थिए । सिक्किममा सिक्किम वेभ्स मिडिया र सिक्किम अनलाइन न्यूज मिडियाको सहयोगमा कार्यक्रममा सिक्किमका माननीय विधायक रिक्साल दोर्जे भुटिया प्रमुख संरक्षकका रूपमा सहभागी भएका थिए । अवार्ड समारोहसँगै भव्य लाइभ म्युजिकल कन्सर्टसमेत आयोजना गरिएको थियो, जहाँ नेपाली संगीतका विभिन्न विधाका कलाकारले आृनो प्रस्तुति दिएका थिए । सिक्किमको कार्यक्रमको सबैभन्दा आकर्षक पक्षका रूपमा नेपाली भाषा, साहित्य, संगीत र समाजसेवामा दशकौंदेखि निरन्तर योगदान पुऱ्याउँदै आउनुभएका नेपालका वरिष्ठ साहित्यकार अमर वान्तु तथा सिक्किमका साहित्यकार हरि ढुंगेललाई 'हिमालयन इन्टरनेशनल अवार्ड-२०२६'अन्तर्गत 'दीर्घसाधना सम्मान' प्रदान गरिएको थियो । यो अवार्डका यसअघिका संस्करणमा दीर्घसाधना सम्मान विशिष्ठ संगीतकार राजु सिंह, स्वर्गीय गुरुदेव कामद, वरिष्ठ गायिका तथा संकलक चन्द्रकला शाह, वरिष्ठ गायिका ज्ञानु राणा तथा वरिष्ठ गायक खड्ग गर्बुजालाई प्रदान गरिएको थियो । यसवर्ष विभिन्न विधामा उत्कृष्ट योगदानका आधारमा दर्जनौं स्रष्टा तथा कलाकार सम्मानित भएका छन् । नवगीततर्फ बाबुराम श्रेष्ठ 'निरुपम', हास्य अभिनयतर्फ रश्मी पाण्डे, लोकप्रिय गीतकारतर्फ विमल काृले, युगल गायनतर्फ तारावीर पाण्डे र मिलन नेवार, भाषाभाषी गायनतर्फ अनिल योञ्जन तथा आधुनिक गीततर्फ नारायण नेपाल, सुमन बिटी र पवित्रा गुरुङले अवार्ड चुमे । त्यस्तै, राइजिङ स्टार अवार्ड बालकलाकार कायरा गुरुङलाई प्रदान गरिएको थियो । लोकपप गायनतर्फ योगेश काजी, महिला मोडलतर्फ मेरो करिमा, आधुनिक गीतकारतर्फ प्रकाश सुवेदी, आधुनिक मोडलतर्फ विनोद श्रेष्ठ, लोकदोहोरी गायनतर्फ विनोद तानेर, पप आधुनिक मोडलतर्फ मुकेश गुरुङ, लोक-पप संगीतकारतर्फ शंकर थापा 'स्माइल', डायस्पोरा गायिकातर्फ नीता आचार्य, आधुनिक गीतकारतर्फ डा.विलोल पोखरेल, आधुनिक संगीतकारतर्फ दीपक शर्मा तथा आधुनिक गीततर्फ प्रकाशजंग कार्कीलाई जुरी अवार्ड प्रदान गरिएको थियो । युगल गायनतर्फ षड्ज सम्बाहाम्फे र रचना रिमाल, लोकप्रिय आधुनिक गायकतर्फ छपिन गुरुङ, निर्देशकतर्फ कृष्णदेव रूपाखेती, लोकप्रिय गीततर्फ पासाङ शेर्पा, आधुनिक गायिकातर्फ सारिका घिमिरे, उत्कृष्ट गायकतर्फ रोशन टमट्टा, शृंगारतर्फ अमृत मारहट्ठा, पूर्वेली रचनातर्फ सेरु बराली, भाषाभाषी गीतको कोरियोग्राफीतर्फ पवित्रा आचार्य, सम्पादनतर्फ कल्पेस विश्वकर्मा, उत्कृष्ट छायांकार आधुनिक गीत महेश महरा, लोक-पप गायिकातर्फ मञ्जु लावती, नेपाल भाषा गीत उत्कृष्ट गायक ईश्वर मगिया तथा नवमोडेलतर्फ कुन्दन गुप्ताले अवार्ड चुम्न सफल भए । सिक्किममा भएको अवार्ड समारोहसँगै आयोजित सांगीतिक कार्यक्रममा तारावीर पाण्डे, अशोक दर्जी, शंकर थापा 'स्माइल', सारिका घिमिरे, षड्ज सम्बाहाम्फे, सुमन बिटी, प्रकाशजंग कार्की, सुन्दर राई, विनोद दनुवार, रमेश पाठक, पवित्रा गुरुङ र अनिश योञ्जनले आफ्ना चर्चित गीत प्रस्तुत गरेका थिए । नृत्यतर्फ पवित्रा आचार्य र शिला गजुरेलसहितका कलाकारहरूले सांस्कृतिक प्रस्तुति दिएका थिए । साहित्यकार अमर वान्तु तथा डा.विलोल पोखरेलले कविता वाचन गर्दै नेपाली साहित्यको समकालीन प्रवृत्ति र सिर्जनात्मक यात्राबारे आफ्ना रचना प्रस्तुत गरेका थिए । सो अवसरमा नेपाल र सिक्किमका विभिन्न क्षेत्रका स्रष्टा, सञ्चारकर्मी, कलाकार तथा समाजसेवीलाई विशेष सम्मानसमेत प्रदान गरिएको थियो । सम्मानित हुनेहरूमा साहित्यकार अमर बानियाँ 'लोहोरो', अभिनेत्री सिर्जना कार्की, चित्रकार टीकामाया गुरुङ, युवा व्यवसायी तथा मोडल भक्तराज जोशी, गायक अशोक दर्जी, बालगायक रिहान सुब्बा, सञ्चारकर्मी अक्कल कुँवर, स्वस्तिका पन्थी, पेम नर्वु शेर्पा, फूर्वा रवाण्ड, निर्माता डेनिस पुन, सौन्दर्यकर्मी गीता सिंह, चलचित्र निर्माता केवल तामाङ, मोडल शिला गजुरेल, निर्माण नियन्त्रक लक्ष्मणराज पौडेल, गायक सुन्दर राई, गीतकार तथा समाजसेवी तीर्थकुमारी राई, सुष्मा गुरुङ तथा रिकी ल्हामु लेप्चालगायत रहेका थिए । अवार्डको मुख्य निर्णायकमा वरिष्ठ संगीतकार राजु सिंह रहनुभएको थियो भने निर्णायक सदस्यमा सुनिल गिरी, सन्दीप पौड्याल, रमेश पाठक र वीरेन्द्र भाट 'विपिन' रहेका थिए । उनीहरूको योगदानको कदर गर्दै प्रशंसापत्रसमेत प्रदान गरिएको थियो । अवार्डका अध्यक्ष गणेश सुवेदीले नेपाली भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण तथा अन्तर्राष्ट्रिय प्रवर्द्धन गर्ने उद्देश्यले हिमालयन इन्टरनेशनल अवार्डलाई निरन्तरता दिइएको बताए । उनले नेपाल र विश्वभर रहेका नेपाली भाषी स्रष्टालाई एउटै मञ्चमा जोड्ने प्रयासका रूपमा अवार्डलाई अझ प्रभावकारी बनाइने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रम संयोजक गीता अधिकारीले यो अवार्डका आगामी संस्करण अझ विशेष बनाउँदै लैजाने बताए । अवार्ड नेपाल-भारतका नेपाली भाषी कलाकार तथा स्रष्टालाई एउटै मञ्चमा जोड्ने उद्देश्यले यो संस्करण सिक्किमको राभङलामा गरिएको उहाँले बताए । यस अवार्डको अघिल्लो संस्करण थाइलण्याडको बैंककमा भएको थियो । हिमालयन अन्तर्राष्ट्रिय अवार्डले नेपाली कला, भाषा र संस्कृतिको प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको आयोजकको विश्वास छ । नेपाल र भारतका नेपाली भाषी समुदायबीच साहित्य, संगीत, कला र संस्कृतिको साझा सम्बन्धलाई अझ मजबुत बनाउने उद्देश्यले आयोजित हिमालयन इन्टरनेशनल अवार्डको छैटौं संस्करणले नेपाली भाषाको अन्तर्राष्ट्रिय पहिचान विस्तार गर्न तथा स्रष्टाहरूको योगदानलाई सम्मानित गर्न उल्लेखनीय भूमिका खेलेको सहभागीहरूले बताएका छन् । ***-इहिमालयन डटकम***


# चलचित्र 'गौँथली': सामाजिक पीडाभित्र आशा खोज्ने एक सशक्त यात्रा



पछिल्ला केही वर्षयता नेपाली चलचित्र उद्योगमा सामाजिक विषयवस्तुलाई केन्द्रमा राखेर कथा बुन्ने क्रम बढेको छ । दर्शक पनि मनोरञ्जनका साथै समाजको यथार्थ पस्कने र मन्थन गर्न बाध्य बनाउने चलचित्रतर्फ आकर्षित भइरहेका छन् । यही परिवेशमा निर्मित 'गौँथली'ले पुरानो नेपाली ग्रामीण समाजलाई आधार बनाएर महिला शिक्षा, बालविवाह, पारिवारिक संरचना, सामाजिक विभेद र मानवीय सम्बन्धलाई कलात्मक रूपमा पर्दामा उतारेको छ । यो चलचित्रले एक महिलाको दुःख मात्र होइन, विषम परिस्थितिसँग जुध्दै आफ्नो पहिचान बनाउने प्रेरक यात्रा पनि प्रस्तुत गर्छ । निर्देशक डा. कपिल रिजालले आफ्नो दोस्रो निर्देशकीय प्रयासमा हल्का मनोरञ्जनभन्दा फरक र गम्भीर बाटो रोजेका छन् । अघिल्लो चलचित्र 'ह्यारीकी प्यारी' सोचेजस्तो सफल नभएपछि उनले यसपटक मौलिक र भावनात्मक सामाजिक कथा रोजेका हुन्ल । यस प्रयासमा निर्देशकले कथा र प्रस्तुतिमा गरेको मिहिनेत स्पष्ट देखिन्छ । 'गौँथली'को कथा उतिबेलाको हो, जब गाउँघरमा छोरीको इच्छाभन्दा परिवारको निर्णय निर्णायक हुन्थ्यो, महिला शिक्षालाई प्राथमिकता दिइँदैनथ्यो र बालविवाह सामान्य मानिन्थ्यो । मुख्य पात्र गौँथली पढाइमा अब्बल छिन् र एसएलसी पास गरेर आफ्नो भविष्य आफैँ बनाउने सपना देख्छिन् । तर, परिवारले आर्थिक अवस्था र सामाजिक प्रतिष्ठाको नाममा उनको सानैमा विवाह गरिदिन्छ । विवाहपछि मात्र आफ्ना श्रीमान् (ठूले) मानसिक रूपमा फरक क्षमता भएका व्यक्ति हुन् भन्ने तथ्य उनले थाहा पाउँछिन्, जहाँबाट कथाले नयाँ मोड लिन्छ । चलचित्रले हतार नगरी पात्रहरू, उनीहरूको पारिवारिक स्थिति र गाउँको वातावरणलाई विस्तारै स्थापित गर्छ । सुरुवातका केही दृश्य सुस्त लागे पनि कथा अघि बढेसँगै दर्शक पात्रहरूसँग भावनात्मक रूपमा जोडिन्छन् । चलचित्रको सबैभन्दा बलियो पक्ष 'गौँथली' र 'ठूले'बिचको निष्कपट सम्बन्ध हो । परम्परागत रोमान्सभन्दा फरक, यहाँ साना-साना सहयोग र सद्भावबाट प्रेम व्यक्त गरिएको छ । ठूलेका निष्स्वार्थ व्यवहार-गौँथलीलाई पढ्न पठाउन बाखा चराइदिने र उनको खुसीमा रमाउने दृश्यहरूले दर्शकलाई भावुक बनाउँछन् । चलचित्रले प्रेम भनेको एकअर्काको सपना पूरा गर्न साथ दिनु हो भन्ने सन्देश दिन्छ । यस चलचित्रले शिक्षालाई स्वतन्त्र सोच, आत्मनिर्भरता र आत्मसम्मानको आधारका रूपमा प्रस्तुत गरेको छ । सासूको प्रताडना र सामाजिक बन्धनका बाबजुद गौँथलीले पढाइप्रतिको अठोट छाड्दिनन् । आज पनि देशका धेरै ठाउँमा लैङ्गिक विभेद कायम रहेकाले यो कथा उत्तिकै सान्दर्भिक लाग्छ । अभिनयको दृष्टिकोणले, सिम्रन खड्काले गौँथलीको मुख्य भूमिकालाई परिपक्व ढङ्गले निभाएकी छन् । किशोरीदेखि सैर्षशील महिलासम्मको रूपान्तरणलाई उनले सहज ढङ्गले प्रस्तुत गरेकी छन् । ठूलेको भूमिकामा अरुण क्षेत्रीको अभिनय सन्तुलित र प्रभावकारी छ । यद्यपि, केही दृश्यमा उनको पात्रको मानसिक अवस्थाको निरन्तरतामा भने केही अस्पष्टता देखिन्छ । सासूको कठोर भूमिकामा लुनिभा तुलाधरको अभिनय जीवन्त छ भने मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे र रविन्द्र झा लगायतका कलाकारले पनि आ-आफ्नो भूमिकामा न्याय गरेका छन् । चलचित्रको छायाङ्कनले गाउँले परिवेश, हरियाली र प्राकृतिक वातावरणलाई सुन्दर ढङ्गले कैद गरेको छ । सङ्गीत र पार्श्व सङ्गीतले कथाको मर्म र भावनात्मक दृश्यहरूलाई थप प्रभावकारी बनाएका छन् । केही दृश्यहरू अनावश्यक रूपमा लामा हुनु, सुरुवात केही खुकुलो हुनु र परिवारलाई थाहा नदिई लामो समय विद्यालय जानु जस्ता केही नाटकीय पक्षहरू यसका कमजोरीका रूपमा रहेका छन् । यस्ता केही प्राविधिक र पटकथागत कमजोरीका बाबजुद, कलाकारहरूको मिहिनेत र कथाको संवेदनशीलताले 'गौँथली'लाई एक अर्थपूर्ण नेपाली चलचित्र बनाएको छ । समग्रमा, 'गौँथली' पीडा र आँसुमा मात्र सीमित नभई आशा र सामाजिक परिवर्तनको सन्देश दिने चलचित्र हो । नेपाली समाजको यथार्थ, महिलाको सैर्ष र भावनात्मक कथा मन पराउने दर्शकका लागि यो चलचित्र एक उत्कृष्ट रोजाइ बन्न सक्छ । ***-डिसी नेपाल डटकम***

# फ्लपको चाङबीच नयाँ फिल्ममा देखिँदै साम्राज्ञी

अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहको करिअर यतिबेला संकटग्रस्त अवस्थामा छ । विगत ८ वर्षदेखि उनले एउटा पनि हिट फिल्म पाएकी छैनन् । यो बीचमा उनको मुख्य भूमिका रहेका ७ वटा फिल्म फ्लप भइसकेका छन् । यसैले पछिल्लो समय फिल्ममा उनको माग घट्न थालेको देखिन्छ । गएको दुई वर्षमा उनी दुईवटा फिल्ममा मात्र अनुबन्धित हुनु त्यसकै संकेत हो । उनले केही समयअघि मात्र फिल्म 'आहुति'को छायांकन सकाएकी छन् । तर, फिल्म रिलिजको भने टुंगो छैन । अब उनी अर्को नयाँ फिल्म 'एक्का मिस्सी बादशाह'मा देखिँदैछिन् । यो फिल्मको शनिबार काठमाडौंमा एक कार्यक्रमका बीच निर्माण घोषणा गरियो । सञ्जय राईको निर्देशनमा बन्ने यस फिल्ममा उनी बोल्ड भूमिकामा प्रस्तुत हुने जनाइएको छ । फिल्मको घोषणा कार्यक्रममा साम्राज्ञीलाई पत्रकारले फिल्ममा कम देखिनुको कारणबारे प्रश्न गरेका थिए । त्यसबारे उनले भनिन्, 'म कम फिल्म गर्छु तर 'क्वालिटी'को गर्छु भनेर कम फिल्म गरिरहेको हुँ । बीचमा फिल्मको अफर नआएको होइन, तर कुनै स्क्रिप्टले पनि छुँदै छोएन । मलाई मनपर्ने स्क्रिप्ट र क्यारेक्टर नै नभेटेपछि बरु फिल्म नै गर्दिनँ भनेर




बसेकी थिएँ ।' फिल्म नगर्दा सुटिङको माहोल भने एकदमै मिस हुने उनको भनाइ छ । 'फिल्ममा म मात्र काम गरिरहेको हुँदिनँ । लाइटम्यानदेखि मेकअप आर्टिस्टसम्म सयौँले काम गरिरहनुभएको हुन्छ । चिसो मौसममा काम गर्दा क्यामेरा अगाडि म कापेको हुन्छु होला तर क्यामेरा पछाडि सबै टिम कापिरहेको हुन्छ । गर्मी मौसममा पनि त्यही अवस्था हुन्छ । त्यसको मजा नै छुट्टै छ,' उनी सम्झन्छिन् । पछिल्लो समय नेपाली फिल्मले राम्रो गरिरहेकोमा उनी खुसी देखिन्छिन् । विश्वभर नेपाली फिल्मको चर्चा हुने गरेको बताउँदै उनी भन्छिन्, 'पहिला म कति ठाउँमा जाँदा दर्शकहरूले नेपाली फिल्म 'रियालिस्टिक' नै लाग्दैन भन्थे । तर, अहिले म जहाँ जान्छु, त्यहाँ फिल्मको चर्चा भएको पाउँछु । कलाकारहरूको काम पनि चर्चा हुन्छ । त्यो सुन्दा एकदमै खुसी लाग्छ ।' ***-फिल्मी खबर डटकम***

# आज विश्व बाघ दिवस मनाइँदै




**पाल्पा,** साउन १२/ आज नेपालसहित विश्वभर विश्व बाघ दिवस विभिन्न जनचेतनामूलक कार्यक्रम गरी मनाइँदै छ । प्रत्येक वर्ष जुलाई २९ मा मनाइने यस दिवसको उद्देश्य बाघ तथा यसको प्राकृतिक बासस्थानको संरक्षणप्रति जनचेतना अभिवृद्धि गर्नु र बाघ संरक्षणका लागि विश्वव्यापी प्रतिबद्धतालाई थप सुदृढ बनाउनु हो । नेपालमा पनि सरकारी निकाय, संरक्षण साझेदार संस्था तथा राष्ट्रिय निकुञ्जहरूले वृक्षारोपण, जनचेतनामूलक र्‍याली, अन्तरक्रिया, विद्यालयस्तरीय कार्यक्रम तथा संरक्षणसम्बन्धी अभियान सञ्चालन गरी दिवस मनाउन लागेका छन् । सन् २०१० मा रुसको सेन्ट पिटर्सबर्गमा भएको बाघ पाइने विभिन्न १३ मुलुकका राष्ट्र र सरकार प्रमुखको सम्मेलनले विश्वमा बाघको संख्या दोब्बर पुर्‍याउने संकल्प गरेको थियो । सो संकल्प अनुसार नेपालले हरेक वर्ष बाघ संरक्षणका विषयमा चासो दिँदै यो दिवस मनाउने गरेको छ । बाघलाई संसारभर प्रतिकात्मक प्राणीको रूपमा लिने गरिन्छ । प्राकृतिक सम्पदाको रूपमा रहेको बाघलाई सांस्कृतिक तथा ऐतिहासिक दृष्टिकोणले पनि महत्वपूर्ण मानिन्छ । हाम्रो जैविक प्रणालीलाई सन्तुलनमा राख्न पनि यसले योगदान पुर्‍याउँछ । खाद्य शृङ्खलामा बाघ मुख्य सिकारी जनावर भएका कारणले जनावरलाई नियन्त्रणमा राखी वातावरण सन्तुलनमा यसको उल्लेखनीय योगदान रहन्छ । नेपालमा बाघ संरक्षणका लागि सरकारले वार्षिक करोडौं बजेट समेत विनियोजन गर्दै आएको छ ।

तर पछिल्लो समय बाघहरुको उचित व्यवस्थापन हुन सकेको छैन् । वन्यजन्तुको बढ्दो भीडले निकुञ्जहरु साँघुरिएर बाघको प्राकृतिक वृद्धिका लागि प्रतिकूल बनिरहेका छन् । नेपालले बाघ वृद्धि गर्ने विषयमा चासो दिए पनि त्यसको दीगो संरक्षणमा भने त्यत्ति चासो दिएको देखिदैन । बाघको संख्या बढेसँगै यसको दीगो संरक्षणमा चुनौती थपिएको हो । नेपालमा बाघको संख्या बढेसँगै यिनको व्यवस्थापन, मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण, बासस्थान सुधारलगायत अन्य विविध विषय चुनौती बनेका छन् । मध्यवर्ती क्षेत्रका मानिसहरू घाँस दाउरा, निहुरो टिप्न र गाइभैंसी चराउन जाने क्रममा सामुदायिक वनभित्रै बाघको आक्रमणमा पर्ने गरेका छन् । उनीहरुलाई जंगल नजाने वातावरण बनाउन सरकारले वैकल्पिक जीविकोपार्जनको उपायको व्यवस्था मिलाउने किसिमका कार्यक्रमहरू पनि गर्दै आएको छ । विकास निर्माण लगायत वनक्षेत्र अतिक्रमणका कारण बाघको नयाँ बासस्थानमा समस्या आएको छ । घाँसेमैदानहरु घट्न गई आहारा प्रजातीको वृद्धिदर घटेको छ । बाघको बासस्थान पनि चरम रुपमा अतिक्रमण भइरहेको छ । बाघको अस्तित्व जोगाइ राख्न हरेक वर्ष यो दिवस मनाउने गरिएको हो । जगंलको राजा भनिने बाघ सुगठित शरीर भएको बलियो र सुन्दर स्तनधारी जनावर हो । यो बिरालो परिवारको सबैभन्दा ठूलो प्रजाति हो । यो खाद्यचक्रको उपल्लो तहमा पर्छ । छालाको पहेंलो भुईंमा काला पाटाहरुले बाघ आकर्षक देखिन्छ र प्रत्येक बाघमा पाटाहरु फरक-फरक हुन्छन् । यसका पञ्जा ठूला र बलिया हुन्छन् ।

# व्यास जयन्ती श्रद्धापूर्वक मनाइँदै

**पाल्पा,** साउन १२/ हिन्दू धर्मावलम्बीहरूले आज ज्ञान, वेद तथा पुराणका रचयिता महर्षि वेदव्यासको जन्मजयन्ती विभिन्न धार्मिक कार्यक्रम गरी श्रद्धापूर्वक मनाउँदै छन् । व्यास जयन्तीका अवसरमा देशभरका मन्दिर, आश्रम तथा धार्मिक स्थलहरूमा विशेष पूजा, आराधना, हवन, प्रवचन तथा धार्मिक सभा आयोजना गर्ने गरिन्छ ।

वेदलाई ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरी चार भागमा विभाजन गरी यसको अर्थ बुझाउन सरल संस्कृत भाषामा १८ पुराण र १८ उपपुराणको रचना गर्ने वेदव्यासको आज सम्झना गर्ने गरिन्छ ।

आषाढ शुक्ल पूर्णिमाकै दिन वेद व्यास जन्मिएकाले यसै दिन व्यास जयन्ती मनाउने गरिएको हो धार्मिक विश्वासअनुसार महर्षि वेदव्यासलाई भगवान् विष्णुको अंशावतारका रूपमा समेत पूजा गरिन्छ । उनलाई संस्कृत साहित्य, दर्शन र आध्यात्मिक ज्ञानका महान् आचार्यका रूपमा सम्मान गरिन्छ । व्यास जयन्तीका अवसरमा विभिन्न धार्मिक तथा सामाजिक संघ-संस्थाले ज्ञान, नैतिकता र संस्कृतिको संरक्षणमा महर्षि वेदव्यासको योगदानबारे प्रवचन तथा अन्तरक्रिया कार्यक्रम आयोजना गर्दै छन् । भक्तजनहरूले मन्दिर तथा आश्रममा पुगेर पूजा-आराधना गर्दै सुख, शान्ति र समृद्धिको कामना समेत गर्दै छन् । व्यास जयन्तीले सत्य, ज्ञान, धर्म र संस्कृतिको संरक्षण तथा पुस्तान्तरणमा प्रेरणा दिने विश्वास गरिन्छ ।

# गुरुप्रति श्रद्धाभाव प्रकट...

...जसका कारण धर्म विशुद्ध रूपमा प्रयोग भएको छैन । विषेशगरि गुरु पूर्णिमाको दिन भनेको सम्पूर्ण सठशास्त्रको लिपिबद्ध गरी प्रतिपादन गरेर लोक कल्याणार्थ प्रकाशन गरिएको अवसरमा मनाइँदै आएको छ । र भगवान् वेदव्यासको जन्म जयन्तीको अवसर भएका कारणले पनि यस दिनलाई गुरुहरूप्रति श्रद्धा र सम्मान गरी मनाइँदै आएको छ ।" गुरु पूर्णिमाका दिन विभिन्न विद्यालय एवं संघसंस्थाले कार्यक्रम गरी शिक्षा, दीक्षा दिने गुरुप्रति श्रद्धाभाव प्रकट गर्दै छन् ।

ज्ञान, शिक्षा, संस्कार र जीवनमा सही मार्गदर्शन प्रदान गर्ने गुरुहरूप्रति सम्मान व्यक्त गर्दै विभिन्न विद्यालय, क्याम्पस, धार्मिक संस्थान तथा समुदायमा विविध कार्यक्रम आयोजना गरिएका छन् । गुरु पूर्णिमाका अवसरमा विद्यार्थीहरूले आफ्ना शिक्षक तथा गुरुजनलाई टीका, फूलमाला र सम्मानपत्र प्रदान गरी आशीर्वाद लिने गर्दछन् । कतिपय स्थानमा प्रवचन, भजन-कीर्तन, सांस्कृतिक कार्यक्रम तथा वृक्षरोपणजस्ता सामाजिक गतिविधिसमेत सञ्चालन गरिदैं छ ।

## खेलकुद समाचार

# नेपाल नामिबियासँग ३ रनले पराजित



**काठमाडौं,** साउन १२/आईसीसी क्रिकेट विश्वकप लिग २ अन्तर्गत नेदरल्यान्ड्समा भइरहेको ओडीआई शृङ्खलामा नेपालले लगातार तेस्रो हार बेहोरेको छ । सोमबार राति सम्पन्न खेलमा नेपाल नामिबियासँग ३ रनले पराजित भएको हो । नामिबियाले दिएको २१२ रनको लक्ष्य पछ्याएको नेपालले ५० ओभरमा ६ विकेट गुमाएर २०८ रन बनायो । नेपालका लागि आसिफ शेखले ८९ बलमा ४५ रन बनाए । कप्तान रोहित पौडेलले ४१ तथा आरिफ शेखले ३८ र कुशल भुर्तेलले ३४ रन बनाए । गुल्शन झा १९ रनमा अविजित रहे । नेपाललाई अन्तिम ४ ओभरमा ४० रन आवश्यक थियो । ४७औं ओभरमा ५ रन जोडेको नेपालले ४८औं ओभरमा ७ रन जोड्यो । ४९औं ओभरमा ११ रन जोडेपछि नेपाललाई अन्तिम ओभरमा १७ रन आवश्यक भयो । अन्तिम ओभर बलिङ गर्न नामिबियाका कप्तान जेरार्ड एरासमस आए । पहिलो बलमा लेगबाई २ रन खर्चेका उनलाई दोस्रो बलमा आरिफले १ रन लिए । तेस्रो बलमा गुल्शन झाले चौका प्रहार गरेपछि नेपाललाई ३ बलमा १० रन आवश्यक भयो । त्यसपछि गुल्शनले २ बलमा समान २-२ रन लिएपछि नेपाललाई अन्तिम बलमा ६ रन आवश्यक थियो । एरासमसले वाइड फालेपछि १ बलमा ५ रन आवश्यक भयो । त्यसपछिको बलमा गुल्शनले १ रन मात्र जोड्न सके । नामिबियाका लागि ज्याक ब्रासेलले ३ विकेट लिए भने रुबेन ट्रम्पलमनले २ विकेट लिँदा एक विकेट रनआउट मार्फत प्राप्त भयो ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# ग्लोबल आइएमई बैंकमा नागरिक एपबाटै खाता खोल्न सकिने




**पाल्पा,** साउन १३/ ग्लोबल आइएमई बैंकमा नागरिक एपबाटै बैंक खाता खोल्न सकिने भएको छ । बैंकले नागरिक एपसँगको सहकार्यमा खाता खोल्न सकिने व्यवस्था गरेको हो । नेपाली नागरिकले राष्ट्रिय परिचयपत्रको आधारमा नागरिक एपमार्फत बैंकको वेवसाइटमा रहेको क्यूआर कोड स्क्यानगरी व्यक्तिगत बचत खाता खोल्न सक्ने छन् । नेपालमै पहिलो पटक सुरु गरिएको यस सेवाले आम नागरिकलाई बैंक खाता खोल्न थप सहज बनाएको छ । यस अन्तर्गत १८ वर्ष वा सोभन्दा माथिका राष्ट्रिय परिचयपत्र बनाई नागरिक एपमा आबद्ध भएका नागरिकहरुले अनलाइनबाटै बैंकमा खाता खोल्न सक्नेछन् । यसका लागि बैंकले नागरिक एपमा आबद्ध व्यक्तिको पूर्व सहमति लिई खाताको लागि आवश्यक व्यक्तिगत विवरण नागरिक एपबाट सुरक्षित रुपमा प्राप्त गर्नेछ । यसबाट व्यक्तिगत विवरण पुन: प्रविष्ट गर्नुपर्ने झन्झट हट्नुका साथै ग्राहकको गोपनियता तथा सूचनाको सुरक्षासमेत सुनिश्चित हुनेछ । नागरिक एपमार्फत् खोलिएको खाता सञ्चालनको लागि ग्राहकले आृनो नजिक रहेको शाखा कार्यालयमा गई वा भिडियो केवाईसी मार्फत प्रमाणीकरण गर्नुपर्नेछ । यस सेवाको सुरुवातसँगै ग्लोबल आइएमई बैंकले सरकारी डिजिटल पूर्वाधारको उपयोग गर्दै सुरक्षित, सरल तथा भरपर्दो डिजिटल बैंकिङ सेवाको विस्तार गरेको छ । नागरिक एपसँगको सहकार्यले खाता खोल्ने प्रक्रियालाई थप सहज, पारदर्शी तथा प्रविधिमैत्री बनाउनुका साथै आधुनिक बैंकिङ अनुभव प्रदान गर्ने विश्वास बैंकले लिएको छ । बैंक मुलुकको ७७ वटै जिल्लामा शाखा सञ्जाल विस्तार गर्ने निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । हाल बैंकले ३४२ शाखा कार्यालय, ३६८ एटिएम, १४७ शाखारहित बैंकिङ सेवा, ६९ एक्सटेन्सन तथा राजस्व सङ्कलन काउन्टर र ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसहित कुल १ हजारभन्दा बढी सेवा केन्द्रमार्फत ग्राहकहरूलाई सेवा प्रदान गर्दै आएको छ । यसका साथै बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, अस्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, युएई र भारतलगायतका विभिन्न मुलुकहरूबाट औपचारिक माध्यममार्फत देशभित्र विप्रेषण (रेमिट्यान्स) भित्र्याउँदै राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्‍याउँदै आएको छ ।

मनको आवाज............
'नाम पनि युनिक, काम पनि युनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई